स्वीकृती मिति : २०८१/३/६ गते
प्रमाणिकरण मिती : २०८१/३/७
जारी मिती : २०८१/३/७

# शुभकालिका गाउँपालिका आर्थिक सहायता मापदण्ड कार्यविधि,२०८१

प्रस्तावनाः लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पिडित तथा वेचविखनमा परेका महिला,बालवालिका,विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांग,बेवास्तामा परेका जेष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बनाउन बाञ्छनिय भएकोले शुभकालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः "शुभकालिका गाउँपालिका आर्थिक सहायता मापदण्ड कार्यविधि,२०८१"

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः विषय प्रसंगले अर्को अर्थ नलागेमा**

(क) "गाउँपालिका" भन्नाले शुभकालिका गाउँपालिका सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले शुभकालिका गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि पालिका अध्यक्षबाट प्रमाणित भएका मुटु,मृगौला,फोक्सो,कलेजो,स्पाईनल ईन्जुरी,पाठयघर जस्ता शरिरका महत्वपूर्ण अंगहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा,यौन हिंसाबाट आक्रान्त र पीडित एवं वेचविखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा सलंग्न भएको हराएको, बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडीत दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धीत रहेको कारणले वेवारिसे रहेको, यौन शोषण,यौन दुर्व्यवहार,बेचविखन ओसारपसारमा परेको,हिंसा पीडित बाबु आमा वा संरक्षकबाट वञ्चित अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको, सडक बालबालिका,एच.आइ.भी.एड्सबाट संक्रमित बालबालिका, वेसहारा बृद्धबृद्धा, दैविक प्राकृतिक प्रकोप वां मानवीय कारणबाट जीउज्यान, धनजन, चौपाया र अन्य सम्पत्ति क्षति भएको बुझ्नु पर्दछ ।

(घ)"न्यायिक समिति" भन्नाले शुभकालिका गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्दछ ।

(ङ)"अध्यक्ष" भन्नाले शुभकालिका गाउँपालिकाको अध्यक्षलाइ सम्झनु पर्दछ ।

(च)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुभकालिका गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

परिच्छेद–२

आर्थिक सहायता सम्बन्धी मापदण्ड

३.दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः

(क) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौंला,मुटु,फोक्सो,कलेजो,मस्तिष्क,स्पाईनल ईन्जुरी,महिलाको पाठयघर) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

स्पष्टिकरणः आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि गाउँपालिका अध्यक्षले प्रमाणित गरेको कागजात, स्वास्थ्य शाखाको सिफारिस, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नुपर्दछ ।

(ख) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरी ३० हजार देखि २ लाख सम्म दिन सकिने र विषम परिस्थितिमा गाउँ कार्यपालिकाले निर्णय गरी बढीमा रु. ३ लाख सम्म आर्थिक सहायता दिई निःशूल्क उपचारको लागि समेत सिफारिस गर्न सक्नेछ ।

(ग) रु. २५,०००/(पच्चिस हजार ) सम्मको आर्थिक सहायता अध्यक्ष सँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृतले र सो भन्दा माथिको सहायता गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिइनेछ ।

४. हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायताः

(क) घरेलु हिंसा,यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जिवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार रु. ५०,०००/(पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ख) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

५.आर्थिक रुपले विपन्न र पीडित बालवालिकालाई सहायताः

(क) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जवरस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कसुरसँग सम्बन्धीत रहेको कारणले वेवारिसे रहेको,यौन शोषण,यौन दुर्व्यवहार,बेचविखन ओसारपसारमा परेको,हिंसा पीडित,बाबु ,आमा वा संरक्षकबाट वञ्चित अपाँगता भएको,सुस्तमनस्थिती भएको,अपहरण वा [illegible]रिर बन्धकमा परेको,सडक बालबालिका एच.आइ.भी.एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार रु. ५०,०००/(पचास हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(ख) उपखण्ड (१) मा उल्लेखित बालवालिकाको शिक्षा तथा पालनपोषणको लागि कर्णाली कोपीला स्याहार केन्द्र तथा अन्य संस्थागत विद्यालय सँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यवस्था गर्न सकिनेछ ।

६.आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायताः

(क) आर्थिक रुपले विपन्न तीन महिना सम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवती महिला एवंम् सुत्केरी आमाको पालनपोषणको लागि बढिमा दुई पटक सम्म रु.२०,०००/(विस हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।तर दुई पटक भन्दा बढि गर्भवती हुँदा वा सुत्करी हुँदा उक्त सहायता उपलब्ध गराईने छैन ।

(ख) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्कारी आमाले आफै वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन् ।

७.वेवास्तामा परेका जेष्ठ नागरिकलाई सहायताः

दलित जेष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्ता गरेका विपन्न रोगी एवं अशक्त जेष्ठ नागरिकले आर्थिक सहायताका लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रु.५०,०००/ (पचास हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

८.अति अशक्त अपांग र पूर्ण अशक्त अपांगलाई सहायता:

(क) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पूर्ण अशक्त अपांगको पालनपोषणको लागि रु.५०,०००/(पचास हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(ख) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, गाउँपालिकाबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपांगको परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

९.खेलकूद तथा साँस्कृतिक कार्यक्रम सञ्चालन सम्बन्धी सहायता:

१.स्थानीय,जिल्ला,प्रदेश तथा राष्ट्रिय स्तरको खेलमा सहभागि हुने खेलाडी तथा स्थानीय रुपमा साँस्कृतिक कार्यक्रम आयोजना गर्ने क्लव तथा संस्थाहरुलाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराँउन सकिने छ ।

क.स्थानीय स्तरमा सञ्चालन हुने खेलकूद तथा साँस्कृतिक कार्यक्रमको लागि रु. २०,०००/(विस हजार) ।

ख.जिल्ला स्तरमा सञ्चालन हुने खेलकूद तथा सांस्कृतिक कार्यक्रमको लागि रु.४०,०००/(चालिस हजार) ।

ग.प्रदेश तथा राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकूद तथा साँस्कृतिक कार्यक्रमको लागि रु.६०,०००/( तिस हजार) ।

घ. अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने खेलकूद तथा साँस्कृतिक कार्यक्रमको लागि कार्यपालिकाको निर्णय बमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ ।

२.गाउँपालिका भित्रका कला, सँस्कृति, भाषा आदिको जगेर्ना गर्नको लागि स्थानीय स्तरमा उत्पादन भएका कलाकारहरुको स्थानीय स्तरमा हुने छायांकन तथा भिडियो डकुमेन्ट्री वापत बढीमा रु. २०,०००/(विस हजार) आर्थिक सहायता उपलब्ध गराइनेछ ।

१०.विपन्न परिवारलाई मृत्यु संस्कार सहायता:

१.आर्थिक रुपमा विपन्न परिवारको व्यक्ति दुर्घटनाको कारण वा उपचारको क्रममा मृत्यु भई काजक्रिया गर्न नसक्ने भएमा प्रमाण खुल्ने कागजात सहित निवेदन पेश हुन आएमा रु.२०,०००/(विस हजार) आर्थिक सहायता उपलब्ध गराइनेछ ।

२.उपदफा(१) बमोजिम सहायता दिन सम्बन्धीत वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्नेछ ।

३.वेवारिस शव फेला परेमा सतगत गर्न रु.१०,०००/ (दश हजार) उपलब्ध गराइनेछ ।

४.विपन्न परिवारको व्यक्तिको कालगतिले मृत्यु भएमा निजको परिवारलाई बढिमा रु.१०,०००/(दश हजार) बराबरको सामाग्री राहत स्वरुप उपलब्ध गराइनेछ ।

उल्लेखित व्यहोराको अवस्था गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई समेत लागु हुनेछ ।

**११.आर्थिक सहायता सम्बन्धी विशेष व्यवस्थाः**

क. गाउँपालिकाको कार्यालयको कामकाजमा जाँदा वा फर्कदा कुनै जनप्रतिनिधि वा कर्मचारी आकस्मिक रुपमा दुर्घटना परेर घाइते भएमा, विरामी भएमा निज वा निजको नजिकको हकवाललाई बढीमा रु.५०,०००/(पचास हजार) र मृत्यु भएमा निजको हकवालालाई बढीमा रु.५,००,०००/(पाँच लाख) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ख. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाको निर्णयबाट थप आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

ग.आर्थिक सहायता सम्बन्धी काम गर्न विपद् व्यवस्थापन शाखाको कर्मचारीले स्वतः यसको समेत काम गर्नेछ ।

**१३. अन्य आर्थिक सहायताः**

(क) संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनिकरणका उपाहरु अपनाउदै गर्दा समेत संकट आइपर्ने र उक्त आइपर्ने र उक्त संकट व्यवस्थापंन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहि मात्रामा भएतापनि राहत पुग्ने महशुस गर्दै तपसिल अनुसारको शिर्षकमा तपसिल अनुसार आर्थिक सहायता प्रदान गरिनेछ ।

| कारण | सहायता गर्न सकिने रकम(काज किरिया वापत) |
|---|---|
| आगलागि बाट मृत्यु | २०,०००/ |
| दुर्घटना(करेन्ट,चटयाङ,साधन र औजारबाट मृत्यु) | २०,०००/ |
| रुख खोलानाला भिरपहिरो आदि बाट मृत्यु | २०,०००/ |
| दैवि प्राकृतिक विपत्ति मृत्यु | २०,०००/ |

| | |
|---|---|
| बेवारिस मानिस(बाहिरबाट आएको वा गाउँपालिका भित्र) | ५,०००/ |
| गाउँपालिका भित्रको ठाउँ ठेगाना खुल्ने गरि बाहिर गएर मरेको) | ५,०००/ |
| गाउँपालिकाको स्थायी बासिन्दा वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | १०,०००/ |
| नषालु पदार्थ सेवन(जस्तै पानीमा विष परेको) | ५,०००/ |
| जनावरबाट क्षति(सर्प,बाघ,भालु,कुकुर आदि) | १०,००० |

ख. घाइते उपचारको लागि तथा भौतिक निर्माण सहयोगको लागि

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनावर आतंक | ५०,०००/ | २०,०००/ |
| आगलागी | ५०,०००/ | २०,०००/ |
| बाढी पहिरो | ५०,०००/ | २०,०००/ |
| हुरी बतास | ५०,०००/ | २०,०००/ |
| चटयाङ | ५०,०००/ | २०,०००/ |
| मानविय र दैविक तथा प्राकृतिक विपत्ति | ५०,०००/ | २०,०००/ |

तर माथि जुनसुकै कुरा लेखियता पनि विषम परिस्थितिमा गाउँ कार्यपालिकाले निर्णय गरी बढीमा रु. ४ लाख सम्म आर्थिक सहायता दिई पुनर्स्थापनमा सहजिकरण गर्न सक्ने छ ।

## परिच्छेद - ३

१४. निवेदनका ढाँचा - खण्ड ३,४,५,६,७,८ र ९ अनुसार सहायता पाउन अनुसूची - १ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

१५.अधिकार प्रत्यायोजन गर्न सकिने - यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले अध्यक्ष सँग समन्वय गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ ।

१६.सहायता सम्बन्धी बजेट व्यवस्थापन:

यस कार्यविधिको अधिनमा रहि गर्ने गरि वार्षिक रुपमा निश्चित रकम गाउँसभाबाट विनियोजन भए बमोजिम आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ । उक्त रकम अपुग हुने अवस्थामा तपसिल बमोजिम खर्च लेख्न बाधा पुगेको मानिने छैन ।

- दुर्घटना तथा विपद् राहत व्यवस्थापन सम्बन्धमा गाउँपालिका वा वडास्तरमा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च लेख्नु पर्नेछ ।
- जटिल/कडा किसिमका रोगहरु तथा दिर्घ रोगीको सम्बन्धमा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कोष तथा कार्यक्रमबाट खर्च लेख्नुपर्नेछ ।
- सहायता रकम मापदण्डमा उल्लेख भएभन्दा बढी भएमा कार्यपालिकाको निर्णयबाट गर्नुपर्ने छ ।

१७. कार्यविधि संशोधनः यस कार्यविधिमा प्रचलित कानूनको प्रतिकूल नहुने गरि गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१८. कार्यविधि लागु हुनेः यो कार्यविधि प्रमाणित गरेको दिन देखि तुरुन्त लागु हुने छ ।

१९. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ आइपरेमा यसको आधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहने छ ।

२०. यसै बमोजिम भएको मानिनेः यस अघि वितरण भएको आर्थिक सहायता तथा सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन र भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

## अनुसूची -१

श्री गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः
शुभकालिका गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालिकोट ।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा म/हामी .................................. संस्थाले ग्रसित भई ............................ गर्नका लागि यस कार्यालयको सहयोग आवश्यक भएको व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएको हुँदा सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई दिनु हुन निःशूल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

तपसिलः

१. विपन्नताको सिफारिस
२. नागरिकता/जन्मदर्ता/विवाह दर्ताको प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. मुचूल्का
५. अन्य कागजातहरु आवश्यकता अनुसार

निवेदकको नामः
ठेगानाः
हस्ताक्षरः